**प्रदेश लोक सेवा आयोग**

सुदूरपश्चिम प्रदेश

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत प्रशासन सेवा, लेखा समूह, अधिकृत नवौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवम् परीक्षा योजना**

पाठ्यक्रमको रुपरेखा : यस पाठ्यक्रम योजनालाई निम्नअनुसार तीन चरणमा विभाजन गरिएको छः

**प्रथम चरण : लिखित परीक्षा (Written Examination)** **पूर्णांक : २००**

**द्वितीय चरण : सक्षमता परीक्षण (Competency Test)** **पूर्णांक : २०**

**तृतीय चरण : अन्तरवार्ता (Interview)** **पूर्णांक : २५**

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरण : लिखित परीक्षा (Written Examination)** **पूर्णांक: २००**

| पत्र | विषय | पूर्णांक | उत्तीर्णांक | परीक्षा प्रणाली | प्रश्न संख्या × अंक | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | शासकीय प्रबन्ध र सार्वजनिक प्रशासन (सबै समूहका लागि एउटै) | १०० | ४० | सैद्धान्तिक- तर्कयुक्त र विश्लेषणात्मक (Theoretical – Critical Analysis) | १ प्रश्न × १५ अंक | ३ घण्टा |
| | | | | समस्या समाधान (Problem Solving) | ३ प्रश्न × २० अंक | |
| | | | | मामिला विश्लेषण (Case Analysis) | १ प्रश्न × २५ अंक | |
| द्वितीय | सेवा सम्बन्धी | १०० | ४० | सैद्धान्तिक- तर्कयुक्त र विश्लेषणात्मक (Theoretical – Critical Analysis) | १ प्रश्न × १५ अंक | ३ घण्टा |
| | | | | समस्या समाधान (Problem Solving) | ३ प्रश्न × २० अंक | |
| | | | | मामिला विश्लेषण (Case Analysis) | १ प्रश्न × २५ अंक | |

**२. द्वितीय चरण : सक्षमता परीक्षण(Competency Test)** **पूर्णांक : २०**

| विषय | पूर्णांक | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| In Basket Exercise | २० | लिखित अभ्यास (Written Exercise) | ५० मिनेट |

**३. तृतीय चरण : अन्तरवार्ता (Interview)** **पूर्णांक : २५**

| विषय | पूर्णांक | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तरवार्ता (Interview) | २५ | बोर्ड अन्तरवार्ता (Board Interview) |

**द्रष्टब्य**

१. माथि परीक्षा योजनामा उल्लिखित प्रथम चरणको लिखित परीक्षामा **प्रथम पत्र – शासकीय प्रबन्ध र सार्वजनिक प्रशासन,** प्रशासन सेवा, (सामान्य प्रशासन, लेखा र राजश्व) समूहको लागि पाठ्यक्रमको **विषयवस्तु एउटै हुनेछ** । तर **द्वितीय पत्र – सेवा सम्बन्धी विषय**को पाठ्यक्रम सम्बन्धित समूह अनुसार **फरक फरक हुनेछ** ।

२. **प्रथम पत्र – शासकीय प्रबन्ध र सार्वजनिक प्रशासन** विषयको लिखित परीक्षा सबै (सामान्य प्रशासन, लेखा र राजश्व) समूहको लागि **संयुक्त रुपमा एउटै प्रश्नपत्रबाट एकैदिन हुनेछ** । तर **द्वितीय पत्र** को लिखित परीक्षा सम्बन्धित समूह अनुसार फरक फरक विषयको **समूह अनुरुप अलग अलग दिन हुनेछ** ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुन सक्नेछ ।

४. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा अलग अलग दिनमा हुनेछ ।

PPSC SUDURPASHCHIM

५. लिखित परीक्षामा यथासम्भव पाठ्यक्रमका सबै एकाइबाट प्रश्नहरु सोधिनेछ । साथै परीक्षा योजनामा उल्लेख भए बमोजिमका सैद्धान्तिक- तर्कयुक्त र विश्लेषणात्मक, समस्या समाधान र मामिला विश्लेषणका प्रश्नहरु पाठ्यक्रमका जुनसुकै एकाइबाट पनि सोध्न सकिनेछ।

६. प्रत्येक पत्र/विषयका **प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्** । परीक्षार्थीले प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ।

७. यस पाठ्यक्रम योजना अन्तरगतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

८. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ। साथै द्वितीय चरणको परीक्षामा सहभागी भएपछि मात्र तृतीय चरणको परीक्षामा सम्मिलित गराइनेछ।

९. यो पाठ्यक्रम मिति २०८१।०५।१३ गते देखि लागू हुनेछ।

PPSC SUDURPASHCHIM

**प्रदेश लोक सेवा आयोग**

सुदूरपश्चिम प्रदेश

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत प्रशासन सेवा, लेखा समूह, अधिकृत नवौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवम् परीक्षा योजना**

## प्रथम पत्र : शासकीय प्रबन्ध र सार्वजनिक प्रशासन

### १. शासकीय प्रबन्ध : राज्य र सरकार

१.१ नेपालको संविधान, संवैधानिक विकासक्रम र यसको विश्लेषणात्मक समीक्षा

१.२ राज्य शक्तिको बाँडफाँट, शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन

१.३ सरकारको कार्यक्षेत्र र भूमिका

१.४ संघीय प्रणाली र विश्वका संघीय मुलुकको सन्दर्भसहित नेपालमा संघीय शासन व्यवस्था

१.५ संघ, प्रदेश र स्थानीय तहको भूमिका, जिम्मेवारी र कार्यहरु

१.६ अन्तर-सरकार सम्बन्ध तथा अन्तर-सरकार व्यवस्थापन (Inter-Governmental Relation-IGR and Inter-Governmental Management- IGM)

१.७ संघ, प्रदेश र स्थानीय तहको संरचना (व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका) र कार्यप्रणाली

१.८ संघ तथा प्रदेशको संसद, संसदीय समिति र संवैधानिक निकायहरु बीचको सम्बन्ध

१.९ लोकतन्त्रका मूल्यहरु र नेपालमा यसको अभ्यास एवम् अवस्था

१.१० प्रतिनिधित्वको सिद्धान्त, नेपालमा निर्वाचन प्रणाली र यसका प्रकारहरू

### २. सार्वजनिक प्रशासन र व्यवस्थापन

२.१ राजनीति र प्रशासनबीचको अन्तरसम्बन्ध

२.२ कर्मचारी प्रशासनका विविध पक्षहरु

२.३ नेपालको सार्वजनिक प्रशासनः सुधारका प्रयास एवम् चुनौती तथा प्रदेशको सन्दर्भमा सार्वजनिक प्रशासनका सवालहरू

२.४ नेपालको निजामती सेवाः वर्तमान अवस्था र प्रदेशको सन्दर्भसहित भविष्यको स्वरुप

२.५ व्यवस्थापनको अवधारणा, सिद्धान्त, नवीनतम् अभ्यास र प्रवृत्तिहरु

२.६ व्यवस्थापनका विभिन्न पक्षहरूः नेतृत्व, उत्प्रेरणा, मनोबल (Morale), निर्णय प्रक्रिया, संगठनात्मक व्यवहार (Organizational Behavior) र कार्य संस्कृति (Work Culture)

२.७ मानव पूँजी व्यवस्थापन ( Human Capital Management)

२.८ संगठनात्मक स्वरुप (Organizational Structure)

२.९ प्रकोप/विपद् व्यवस्थापन (Disaster Management), परिवर्तन व्यवस्थापन (Change Management), सूचना र सूचना प्रविधि व्यवस्थापन, (Information and ICT Management), समय व्यवस्थापन (Time Management), तनाव व्यवस्थापन (Stress Management), संकट व्यवस्थापन (Crisis Management), द्वन्द्व तथा विवाद व्यवस्थापन (Conflict Management), वार्ता तथा सम्झौता गर्ने सीपहरु (Negotiation & Agreement Skills), ज्ञान व्यवस्थापन (Knowledge Management), व्यक्तित्व विकास र स्वःव्यवस्थापन (Personality Development and Self-Management)

२.१० सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन

PPSC SUDURPASHCHIM

## ३. विकासका आयाम र पक्षहरु

३.१ विकासः अवधारणा र नवीनतम् उपागम (Development: Concept and Recent Approaches)

३.२ विकासका आयामहरू (Dimensions of Development): दिगो विकास (Sustainable Development), समावेशी विकास (Inclusive Development), सहभागितामूलक विकास (Participatory Development), गरीबी निवारण (Poverty Alleviation), लैंगिक सवाल (Gender Issue), जलवायु परिवर्तन (Climate Change), सार्वजनिक-निजी-साझेदारी (Public Private Partnership), विश्वव्यापीकरण, उदारीकरण र निजीकरण (Globalization, Liberalization and Privatization),

३.३ नेपालमा लगानी मैत्री वातावरण (Investment Friendly Climate in Nepal), नेपालको वैदेशिक लगानी नीति तथा प्रदेशका सवालहरू (Foreign Investment Policy in Nepal in relation to Provincial matters)

३.४ योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कन प्रकिया

३.५ आयोजना/ परियोजना तर्जुमा र व्यवस्थापन

३.६ विकास सहयोग नीति (Development Co-operation Policy)

३.७. प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन (International Development Assistance Mobilization in Province and Local Level)

## ४. अर्थ व्यवस्था र सार्वजनिक वित्त व्यवस्थापन

४.१ विश्व अर्थ व्यवस्थाको स्वरुप र प्रवृति (Global Economy: structure and Trends)

४.२ प्रदेशको सन्दर्भसहित नेपालको अर्थतन्त्र र यसका पक्षहरू

४.३ अर्थतन्त्रसँग सम्वद्ध योजना, स्रोत/साधनहरुको परिचालन, आर्थिक वृद्धि, विकास तथा रोजगारी

४.४ वित्त व्यवस्थापन (सार्वजनिक आय, सार्वजनिक खर्च र सार्वजनिक ऋण)

४.५ संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्य प्रणाली

४.६ राजश्व: सैद्धान्तिक पक्ष, परिचालन तथा व्यवस्थापन

४.७ बजेटको सैद्धान्तिक पक्ष तथा बजेट तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन प्रक्रिया (प्रदेश र स्थानीय तहको सन्दर्भसहित)

४.८ वित्त नीति र मौद्रिक नीति (Fiscal Policy and Monetary Policy)

४.९ सार्वजनिक खरिद र यस सम्बन्धी कानूनी व्यवस्था (प्रदेशको समेत सन्दर्भमा)

४.१० अन्तरसरकारी वित्तीय हस्तान्तरण, अनुदान तथा राजश्व बाँडफाँट र ऋण व्यवस्थापन

४.११ नेपालमा सरकारी लेखा प्रणाली र लेखा परीक्षण प्रणाली

४.१२ सार्वजनिक वित्तीय उत्तरदायित्व र जिम्मेवारी

## ५. सार्वजनिक सेवा प्रवाह व्यवस्थापन र विविध

५.१ सार्वजनिक सेवा प्रवाह प्रणाली, सेवाको प्रारुप निर्माण र व्यवस्थापन (Service Design and Management), सेवा प्रवाह गर्ने माध्यमहरु (Service Delivery Mechanism) र सेवा प्रवाहका वैकल्पिक आयामहरु

५.२ सेवा प्रवाहमा एजेन्सीकरण (Agencification) र अर्ध- बजारीकरण (Quasi- Marketization)

५.३ सुशासन, सदाचार, नैतिकता र व्यवसायिकता

५.४ सूचनाको हक र पारदर्शीता

PPSC SUDURPASHCHIM

५.५ सम्पत्ति शुद्धीकरण (Money Laundering), भ्रष्टाचार निवारण

५.६ प्रदेशको सन्दर्भसहित जनसंख्याको बनौट र यसका विविध पक्षहरु

५.७ समावेशीकरणका विविध स्वरुपहरू तथा नेपालमा यसको अभ्यास

५.८ सामाजिक न्याय, सामाजिक सुरक्षा र सामाजिक संरक्षण

५.९ नागरिक शिक्षा र विकास

५.१० ट्रेड यूनियन (Trade Union) र सामुहिक सौदावाजी (Collective Bargaining)

५.११ नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, छिमेक सम्बन्ध, आर्थिक कुटनीति र अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको प्रतिनिधित्व तथा भूमिका

५.१२ प्रदेश-प्रदेशबीच सेवाको एकरूपता तथा तीन तहबीच कार्यगत एकताका औजारहरू

५.१३ प्रादेशिक, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक मामिलाहरू

५.१४. शासकीय प्रक्रियामा नागरिक समाज (Civil Society), नागरिक संस्थाहरू (Civil Body Organizations), स्वयंसेवकहरू Volunteers) सामाजिक उद्यमी (Social Entrepreneurs), गैरसरकारी संस्थाहरू (Non-governmental Organizations) लगायत नागरिक सहभागिता र भूमिका

ΩΩΩ

PPSC SUDURPASHCHIM

**प्रदेश लोक सेवा आयोग**

सुदूरपश्चिम प्रदेश

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत प्रशासन सेवा, लेखा समूह, अधिकृत नवौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवम् परीक्षा योजना**

**द्वितीय पत्र – सेवा सम्बन्धी**

**१. संघ र प्रदेशका आर्थिक, मौद्रिक र वित्त व्यवस्थापन सम्वन्धी नीतिहरू तथा नीतिहरूको कार्यान्वयन**

१.१ प्रदेशको सन्दर्भसहित नेपालको अर्थतन्त्रको बनावट, कुल ग्राहस्थ उत्पादन सम्वन्धी पक्षहरू

१.२ संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यप्रणाली सम्वन्धी संवैधानिक व्यवस्था

१.३ आर्थिक, मौद्रिक र वित्त नीतिहरु बीच अन्तरसम्वन्ध

१.४ आन्तरिक तथा वाह्य स्रोत परिचालनको वैदेशिक व्यवस्था

१.५ वित्तीय अनुगमन तथा मूल्यांकन व्यवस्था

**२. नीति, योजना, कार्यक्रम तथा बजेट प्रणाली र प्रयोग**

२.१ नीति, योजना, कार्यक्रम र बजेट प्रणालीका विविध पक्षहरू (सुदूरपश्चिम प्रदेशको सन्दर्भसहित)

२.२ बजेटका सिद्धान्त, बजेटका विविध प्रकारहरू, बजेट चक्रः बजेट निर्माण, कार्यान्वयन लगायत बजेटका विविध पक्षहरू

२.३ सार्वजनिक वित्त व्यवस्थापनका अवयवहरू र नवीन प्रयास एवम् प्रयोगहरू

२.४ तीनै तहका सरकारको आर्थिक कार्यप्रणाली र राजश्व, अनुदान तथा रोयल्टी बाँडफाँट सम्वन्धी तहगत प्रवाह तथा संघ र प्रदेशबाट हुने अनुदान हस्तान्तरण सम्वन्धी व्यवस्था

२.५ तीनै तहको सरकारको बजेट निर्माण तथा बजेट सम्वन्धी खर्च मापदण्ड (Norms) तयारी र प्रयोगको अवस्था र तुलनात्मक विश्लेषण

२.६ बजेट तथा आयोजना अनुगमन तथा मूल्यांकनको प्रावधान र अनुगमन संयन्त्रको भूमिका सहित आयोजना र परियोजना व्यवस्थापनका विविध पक्षहरू

**३. लेखा प्रणाली, लेखापरीक्षण तथा वित्तीय जवाफदेहीता र यसको प्रयोग**

३.१ लेखाको अवधारणा तथा सिद्धान्तहरू र नेपालमा खातासूची (Charts of Accounts) प्रणालीको आवश्यकता तथा सरकारी वित्तीय तथ्यांक सम्वन्धी अन्तर्राष्ट्रिय आवद्धताको उपलब्धि

३.२ सरकारी लेखा प्रणालीः अर्थ, व्यवस्था, आवश्यकता, महत्व, लेखांकनका चरणहरू, आर्थिक कारोवारको विश्लेषण, सरकारी लेखा र व्यावसायिक लेखा बीचको समानता र भिन्नता

३.३ नेपाल सरकार र प्रदेश सरकारको लेखा प्रणाली, विभिन्न फाराम र प्रविधिहरूको प्रयोगको सन्दर्भ सहित तीन वटै तहमा आर्थिक विवरणको अन्तर-आवद्धता, व्यवस्था, यसको अवस्था

३.४ सार्वजनिक क्षेत्रमा प्रयोग गरिने लेखा प्रणालीः नगदमा आधारित लेखा प्रणाली, प्रोदभावी लेखा प्रणाली, प्रतिवद्धता लेखा प्रणाली, कोष लेखा प्रणाली तथा बजेट लेखा प्रणाली, अर्थ, आवश्यकता र उपयोगको अवस्था

३.५ वित्तीय, लागत तथा व्यवस्थापकीय लेखा प्रणालीको आवश्यकता, महत्व, उपादेयताः उत्तरदायित्व लेखा प्रणाली (Responsibility Accounting) को अवयव, आवश्यकता र परिणाममुखी व्यवस्थापन प्रणाली

३.६ प्रारम्भिक लेखांकनसहित लेखांकन तथा प्रतिवेदनका विविध पक्षहरू

३.७ लेखापरीक्षणको अर्थ, आवश्यकता, महत्व, आधारभूत सिद्धान्त र प्रकारहरू

३.८ लेखापरीक्षणसम्वन्धी संवैधानिक एवम् कानुनी आधारहरू

३.९ आन्तरिक तथा अन्तिम लेखापरीक्षण तथा लेखापरीक्षण योजना

३.१० नेपालमा व्यवस्थापकीय, Concurrent, Risk Base, कार्यमूलक लेखापरीक्षणको महत्व, प्रयोग र कार्यान्वयनको अवस्था

३.११ वित्तीय जोखिम तथा आर्थिक अनुशासनको सन्दर्भमा लेखापरीक्षणको भूमिका, हालसम्मको प्रवृत्ति र कार्यान्वयन समीक्षा

३.१२ आर्थिक उत्तरदायित्व परीक्षणका आन्तरिक र वाह्य निकायहरू तथा कार्यान्वयन अवस्था

३.१३ बेरुजूको प्रकार, प्रवृत्ति र वित्तीय व्यवस्थापनको समग्र पक्षको कार्यान्वयन अवस्था तथा सुधारका उपायहरू (सुदूरपश्चिम प्रदेशको सन्दर्भसहित)

३.१४ लेखापरीक्षण तथा सार्वजनिक सुनुवाई, सामाजिक तथा जनलेखापरीक्षण (Social and Public Audit) को सम्वन्ध र आवश्यकता

३.१५ सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (Public Expenditure and Financial Accountability-PEFA) सम्वन्धी परिसूचकहरू सम्वन्धी सामान्य ज्ञान तथा हालसम्म भएको मूल्यांकन प्रतिवेदन, मूल्यांकन गर्ने तरिका सम्वन्धी ज्ञान

PPSC SUDURPASHCHIM

३.१६ नेपालमा आर्थिक प्रशासन सम्वन्धी विविध पक्षहरू

३.१६.१ नेपाल सरकारको आर्थिक प्रशासन सम्वन्धी कार्यको जिम्मेवारी र जवाफदेहीता पालना तथा प्रचलन (Compliance and Enforcement) सम्वन्धी व्यवस्था

३.१६.२ नेपालको आर्थिक प्रशासनसँग सम्वन्धित संगठनात्मक तथा संस्थागत संरचना र निकायहरूको भूमिका तथा हालको कार्यान्वयन स्थिति

३.१६.३ सुदूरपश्चिमको सन्दर्भ र कानुन सहित नेपालको सार्वजनिक खरिद प्रणाली र यसको वर्तमान अवस्था

**४. वैदेशिक सहायताको अवधारणा, वैदेशिक सहायतामा सञ्चालित आयोजनाको वित्तीय व्यवस्थापनसम्वन्धी व्यवस्था, लेखापरीक्षण सम्वन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्वन्ध तथा वित्तीय अपराध सम्वन्धी व्यवस्थाहरू**

४.१ वैदेशिक सहायताको अर्थ, अवस्था र व्यवस्था, नेपालको सन्दर्भमा प्रशोचन क्षमता (Absorption Capacity) तथा प्रदेशको हकमा उपयोगको मार्गचित्र

४.२ वैदेशिक सहायता (ऋण तथा अनुदान) मा सञ्चालित कार्यक्रम तथा आयोजनाहरूको कार्यक्रम तथा क्रियाकलाप निर्धारण तथा तर्जुमा प्रक्रिया

४.३ कार्यक्रम तथा आयोजनामा बैदेशिक सहायता प्राप्त गर्ने चरणहरू तथा कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरू, वैदेशिक सहायताको प्रकार, भुक्तानी, लेखांकन तथा प्रतिवेदन गर्नुपर्ने प्रावधानहरू

४.४ वैदेशिक सहायताका आयोजनाहरूमा सोधभर्ना तथा कोषपूर्ति (Reimbursement and Replenishment), शोधन भौचर (Disbursement Voucher) सम्वन्धी प्रावधान, आवश्यकता, परिचालन र नेपालमा यसको कार्यान्वयनको अवस्था

४.५ वैदेशिक सहायता प्रदान गर्ने द्विपक्षीय तथा बहुपक्षीय (Bilateral and Multilateral) अन्तर्राष्ट्रिय विकास तथा वित्तीय र द्विपक्षीय संस्थाहरू – विश्व वैंक, एसियाली विकास वैंक, युरोपियन युनियन, अमेरिकी सहयोग नियोग, जापान, अन्तर्राष्ट्रिय वित्तीय संस्था र अन्तर्राष्ट्रिय मुद्रा कोषको वैदेशिक सहयोग सम्वन्धी भूमिका र कार्यान्वयनको अवस्था

४.६ लेखापरीक्षण सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूः The Institute of Chartered Accountants of Nepal (ICAN), The International Organization of Supreme Audit Institutions (INTOSAI), Asian Organization of Supreme Audit Institutions (ASOSAI) तथा नेपालको सम्वन्धका विविध पक्षहरू

४.७ सरकारी तथा निजी क्षेत्रमा हुने आर्थिक अपचलनसहित भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण लगायतको अवस्था, प्रचलित नीतितगत, कानुनी र संस्थागत व्यवस्था र नियन्त्रणका उपायहरू (अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रादेशिक सन्दर्भसहित)

४.८ नेपालको विकासमा विश्व वैंक (WB), एसियाली विकास वैंक (ADB), एसियाली पूर्वाधार लगानी वैंक (AIIB), द्विपक्षीय राष्ट्र (Bilateral Donors) र बहुपक्षीय सहयोगी निकायहरू (Multilateral Partners) को भूमिका

**५. लेखामान तथा नेपालमा सार्वजनिक क्षेत्र लेखामान सम्वन्धी व्यवस्था एवम् नेपालमा र सुदूरपश्चिम प्रदेशमा वित्तीय व्यवस्थापनमा विद्युतीय सूचना प्रणालीको प्रयोग र कार्यान्वयको अवस्था**

५.१ लेखामानको अर्थ, आवश्यकता र महत्व एवम् उपादेयता

५.२ नेपाल लेखामान (Nepal Accounting Standard-NAS)

५.३ नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standard-NPSAS)

५.४ नेपाल वित्तीय प्रतिवेदन प्रणाली (Nepal Financial Reporting System - NFRS)

५.५ नेपाल लेखापरीक्षण मान (Nepal Auditing Standard – NAS)

५.६ सरकारी लेखापरीक्षण मान (Public Sector Auditing Standard) को परिचय र भूमिका

५.७ लेखामान तथा लेखापरीक्षणमानको सन्दर्भमा नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था, नेपाल लेखामान बोर्ड, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयको भूमिका

५.८ संघ, प्रदेश र स्थानीय तहका राजश्व, अनुदान, बजेट तर्जुमा, निकासा, प्रतिवेदनमा सूचना प्रविधिको उपयोग, चुनौती र सुधारका क्षेत्रहरू वित्तीय संघीयता, सुदूरपश्चिम प्रदेशको सन्दर्भमा आर्थिक अनुशासनका व्यवस्थाहरू (संसदीय समिति, तीनै तहका सरकार र सरोकार पक्षको भूमिका, आन्तरिक नियन्त्रण प्रणाली, जिन्सी श्रेस्ता प्रणाली, तथ्यांकीय एकरूपतामा सूचना प्रविधिको उपयोग, लिलाम व्यवस्थापन, पारदर्शीताका औजारहरू सहित वित्तीय स्वास्थ्यका विविध पक्षहरू)

ΩΩ THE END ΩΩ



PPSC SUDURPASHCHIM